सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३२५ ♦ २०८३ साल साउन ३० शनिवार ♦ 15 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश सरकारको निर्णय : कर्मचारीको आधारभूत तलबमा १० प्रतिशत वृद्धि

**खबर दर्पण समाचारदाता**
**साउन २९ गते, बर्दिवास**




मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश भवनमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा गरिएको नीतिगत व्यवस्थाअनुसार साउन १ गतेदेखि लागू हुने गरी कर्मचारीको तलब वृद्धि गर्ने निर्णय गरेको हो।

प्रदेश मन्त्रिपरिषद्का प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईका अनुसार बैठकले कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गरेको छ। स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ को उपदफा (८) बमोजिम निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उहाँले जानकारी दिनुभयो।

त्यसैगरी, प्रदेश सरकारले कर्मचारीलाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधिसमेत स्वीकृत गरेको छ। कार्यसम्पादन मूल्याङ्कनमा कुल १०० मध्ये कम्तीमा ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्रै यस्तो प्रोत्साहन भत्ता पाउने व्यवस्था गरिएको छ।

कार्यसम्पादन मूल्याङ्कनमा कार्य विवरण परिसूचकलाई ५० तथा वैयक्तिक कार्यसम्पादन र सार्वजनिक सेवा प्रवाह परिसूचकलाई ५० अङ्क निर्धारण गरिएको छ। प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ।

मूल्याङ्कन, रुजु तथा सिफारिसलाई व्यवस्थित बनाउन प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गर्न सिफारिस गरिएको छ। यस व्यवस्थाले कर्मचारीको कार्यसम्पादनलाई परिणाममुखी बनाउँदै सेवा प्रवाहमा सुधार ल्याउने सरकारको अपेक्षा छ।

मन्त्रिपरिषद् बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने उद्देश्यले 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ। निर्देशिकाले सरकारी बजेट कार्यान्वयन तथा खर्च प्रक्रियालाई व्यवस्थित गर्दै अनावश्यक र फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको विश्वास छ।

बैठकले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदनसमेत सर्वसम्मतिले अनुमोदन गरेको छ।

मन्त्रिपरिषद्ले प्रतिवेदनका निष्कर्ष तथा रणनीतिलाई कार्यान्वयनमा लैजाने र सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णय गरेको छ।

अर्थमन्त्री भट्टराईका अनुसार प्रतिवेदनमा प्रस्तावित रणनीति कार्यान्वयनमा आएमा मधेश प्रदेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग पुग्नेछ।

## महिलाहरू पछि हटेर होइन, डटेर अगाडि बढ्नुपर्नेमा जोड

**शर्मिला घिमिरे**
**साउन २९ गते, बर्दिवास**



महिलाको नेतृत्व, अधिकार र राजनीतिक सहभागिता सुनिश्चित गर्न उनीहरूले आफ्नो आवाज सशक्त रूपमा उठाउँदै नेतृत्वदायी भूमिकामा अघि बढ्नुपर्नेमा जोड दिइएको छ।

'समावेशी समानतामूलक समाज सबैका लागि अपरिहार्य' भन्ने मूल नाराका साथ आईजीएफएफको आयोजनामा बर्दिबासमा भएको कार्यक्रममा सहभागी वक्ताहरूले महिलाको क्षमता र दक्षतालाई व्यवहारमा स्थापित गर्न राज्य तथा राजनीतिक दलले समान अवसर सिर्जना गर्नुपर्ने धारणा व्यक्त गरेका हुन्।

कार्यक्रममा पूर्व राष्ट्रिय सभा उपाध्यक्ष शशिकला दाहालले महिलामा नेतृत्व क्षमता हुँदाहुँदै पनि आफ्ना अधिकार र अवसरका लागि पर्याप्त रूपमा आवाज उठाउन नसक्दा महत्वपूर्ण अवसर गुमाउनुपरेको बताउनुभयो। महिलाले आफ्नो अधिकारका लागि निरन्तर खबरदारी गर्दै नेतृत्वमा दाबी गर्नुपर्ने उहाँको भनाइ थियो।

"हामीले हाम्रो आवाज उठाउन जरुरी छ। महिलाहरूको नेतृत्व क्षमता हुँदाहुँदै पनि हाम्रा आवाज कमी भएका कारण कतिपय ठाउँमा अवसर गुमाउनुपरेका ज्वलन्त उदाहरण छन्," दाहालले भन्नुभयो।

नेपालको संविधानले महिलाको अधिकार, प्रतिनिधित्व र


*बाँकी पृष्ठ ३ मा*



# गौशालामा दुर्गा पूजा तथा मेला व्यवस्थापन समिति गठन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २९ गते, महोत्तरी**



महोत्तरीको गौशाला नगर पालिकामा बडादशैंको अवसर मा आयोजना हुने दुर्गा पूजा तथा मेलालाई व्यवस्थित गर्न व्यवस्थापन समिति गठन गरिएको छ।

गौशाला नगरपालिका-५ स्थित गौशाला बजारको ऐतिहासिक दुर्गा मन्दिरमा हरेक वर्षझैं यस वर्ष पनि बडादशैंको अवसरमा भव्य दुर्गा पूजा तथा मेला आयोजना गरिने भएको हो। पूजा तथा मेला कार्यक्रमलाई व्यवस्थित, मर्यादित र सफल बनाउन शुक्रबार साउन २९ गते मन्दिर प्राङ्गणमा आयोजित भेलाले 'दुर्गा पूजा समिति-२०८३' गठन गरेको हो।

वडा नं. ५ का वडाध्यक्ष ओमप्रकाश गुप्ताको अध्यक्षतामा सम्पन्न भेलाले धिरजकुमार साहको अध्यक्षतामा नयाँ समिति गठन गरेको हो। नवगठित समितिको उपाध्यक्षमा अभिषेककुमार गुप्ता र सुनिलकुमार साह, सचिवमा हेमन्तकुमार सिंह, महासचिवमा शुभमप्रसाद साह तथा कोषाध्यक्षमा धर्मेन्द्र कुशवाहा (भिलेन्द्र) चयन भएका छन्।

त्यस्तै, सदस्यहरूमा सुरजकुमार गुप्ता, शिवजी साह, प्रशान्त कुशवाहा, धिरज शाह सोनार र अमनकुमार साह रहेका छन्।

भेलाले पूजा तथा मेला कार्यक्रमलाई मर्यादित, शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गर्ने निर्णय गर्दै सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने जनाएको छ। मेला अवधिमा श्रद्धालु तथा भक्तजनको सहज आवागमन, सुरक्षा, सरसफाइ तथा भीड व्यवस्थापनलाई समेत प्राथमिकतामा राखिने समितिले जनाएको छ।

वडाध्यक्ष ओमप्रकाश गुप्ताले बडादशैंको अवसरमा आयोजना हुने दुर्गा पूजा तथा मेलालाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो। धार्मिक तथा सांस्कृतिक महत्व बोकेको दुर्गा पूजा र मेलाले स्थानीय धार्मिक परम्परा, संस्कृति तथा सामाजिक सद्भावलाई थप मजबुत बनाउने भएकाले यसको सफल आयोजनाका लागि वडा कार्यालयले आवश्यक सहजीकरण गर्ने उहाँले बताउनुभयो।

यसैगरी, नवगठित दुर्गा पूजा समिति-२०८३ का अध्यक्ष धिरजकुमार साहले यस वर्षको दुर्गा पूजा तथा मेलालाई विगतका वर्षभन्दा थप व्यवस्थित, मर्यादित र भव्य रूपमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले पूजा तथा मेला स्थानीयको धार्मिक आस्था, परम्परा र संस्कृतिसँग जोडिएकाले श्रद्धालु तथा भक्तजनलाई सहज रूपमा पूजा-आराधना गर्ने वातावरण सिर्जना गर्नु समितिको प्रमुख प्राथमिकता रहेको बताउनुभयो।

अध्यक्ष साहले मेला अवधिमा सुरक्षा, सरसफाइ, भीड व्यवस्थापन तथा श्रद्धालुको सुविधालाई विशेष ध्यान दिइने उल्लेख गर्दै कार्यक्रमलाई शान्तिपूर्ण र सभ्य रूपमा सम्पन्न गर्न स्थानीयवासी, व्यापारी, युवा तथा सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो। समितिले जिम्मेवारी पूर्वक काम गर्दै स्थानीय धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्द्धनमा समेत योगदान पुर्‍याउने उहाँको भनाइ छ।

यसै अवसरमा पाँच सदस्यीय सल्लाहकार समिति पनि गठन गरिएको छ। सल्लाहकार समितिमा वडाध्यक्ष ओमप्रकाश गुप्ता, मनोजकुमार साह, अर्जुन मण्डल, अमितकुमार साह र पूर्वअध्यक्ष उपेन्द्र साह रहेका छन्।



स्थानीय धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको गौशालाको दुर्गा मन्दिरमा बडादशैंको समयमा प्रत्येक वर्ष ठूलो संख्यामा श्रद्धालु तथा भक्तजनको आगमन हुने गरेको छ। दशैंको अवसरमा मन्दिर परिसरमा भव्य मेला लाग्ने परम्परा रहेकाले यस वर्ष पनि पूजा तथा मेलालाई थप व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने तयारी थालिएको समितिले जनाएको छ।ज्ञ

# फलफूल बजार सञ्चालनका लागि गुठीको २ बिघाभन्दा बढी जग्गा २० वर्षका लागि सम्झौता



**खबर दर्पण समाचारदाता**

**साउन २९ गते, जनकपुरधाम**

जनकपुरधाममा व्यवस्थित फलफूल बजार सञ्चालनका लागि गुठीको जग्गा २० वर्षका लागि उपलब्ध गराइएको छ ।

सम्झौताअनुसार जनकपुरधाम उपमहानगरपालिका-१२ कुवारामपुरमा रहेको गुठीको २ बिघा २ कट्ठा २ धुर जग्गा फलफूल बजार सञ्चालनका लागि उपलब्ध गराइएको हो ।


जनकपुर फलफूल तथा तरकारी व्यवसायी संघका सल्लाहकार नवीन साहका अनुसार गुठीको उक्त जग्गा २० वर्षका लागि बजार सञ्चालन गर्ने उद्देश्यले सम्झौता गरिएको हो ।

सम्झौतामा संघका अध्यक्ष विशेश्वर यादवले औपचारिक रूपमा हस्ताक्षर गरेका छन् ।

हाल जनकपुरधाममा फलफूल तथा तरकारीको कारोबार विभिन्न स्थानमा छरिएर सञ्चालन हुँदै आएको अवस्थामा नयाँ बजार सञ्चालन भएपछि व्यवसायलाई व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

बजारका लागि पर्याप्त क्षेत्रफल उपलब्ध भएकाले व्यवसायी तथा उपभोक्तालाई समेत सहज हुने संघको विश्वास छ ।

सम्झौतापछि कुवारामपुरस्थित उक्त जग्गामा आवश्यक पूर्वाधार निर्माण तथा बजार सञ्चालनको प्रक्रिया अघि बढाइने बताइएको छ ।




## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महिलाहरू पछि ....

सहभागिताका लागि महत्वपूर्ण व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। महिलालाई कमजोर ठान्ने सामाजिक तथा राजनीतिक मानसिकता परिवर्तन गर्न आवश्यक रहेको उल्लेख गर्दै उहाँले महिलाले आफ्नो क्षमता प्रमाणित गर्न निरन्तर अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

“यो हाम्रो रहर होइन, बाध्यता हो,” उहाँले भन्नुभयो, “अब महिलाहरूलाई यो बाध्यतामा नपारी सक्षमता र योग्यताका आधारमा अगाडि बढ्ने अवसर र जिम्मेवारी दिनुपर्छ।”

कार्यक्रममा प्रदेश श्रम तथा यातायात मन्त्री शारदा थापाले महिलाहरू हरेक क्षेत्रमा अब्बल क्षमता प्रदर्शन गर्न सक्षम रहेको बताउँदै अधिकार र नेतृत्वका लागि महिलाहरू एकताबद्ध भएर अघि बढ्नुपर्ने बताउनुभयो।

“हामीले एकढिक्का भएर आफ्ना आवाजलाई बुलन्द बनाउँदै कार्यकुशलता प्रस्तुत गर्नुपर्ने समय आएको छ,” मन्त्री थापाले भन्नुभयो, “अब हामी पछि हटेर होइन, डटेर अगाडि बढ्नुपर्ने आवश्यकता छ। अब २०८४ सालमा महिलाहरू नेतृत्व क्षमतामा पुग्नुपर्छ।”

वक्ताहरूले महिलाको राजनीतिक, सामाजिक तथा नेतृत्वदायी भूमिकालाई प्रभावकारी बनाउन कानुनी अधिकारसँगै व्यवहारिक रूपमा समान अवसर सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए। महिलाको क्षमता, दक्षता र नेतृत्वलाई संस्थागत गर्न र ाजनीतिक दल, स्थानीय तहदेखि राज्यका सबै संरचनामा अर्थपूर्ण सहभागिता बढाउनुपर्ने धारणा उनीहरूले राखेका थिए।

कार्यक्रममा बर्दिबास क्षेत्रका महिला अग्रज, महिला बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका महिला कार्यकर्ता तथा विभिन्न क्षेत्रका महिला प्रतिनिधिको सहभागिता रहेको थियो। सहभागीहरूले महिलाको नेतृत्व विकास, अधिकारको संरक्षण र राजनीतिक सहभागिता विस्तारका लागि सामूहिक पहल आवश्यक रहेको बताएका थिए।

# राष्ट्रपति पौडेलद्वारा वरिष्ठ साहित्यकार डा. विमलप्रति श्रद्धाञ्जली

**खबर दर्पण समाचारदाता**

**साउन २९ गते, जनकपुरधाम**



राष्ट्रपति रामचन्द्र पौडेलले वरिष्ठ साहित्यकार तथा भाषाविद् डा. राजेन्द्र विमलको निधनप्रति दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् ।

राष्ट्रपति पौडेलले शुक्रबार शोक वक्तव्य जारी गर्दै लामो समय प्राध्यापनमा सक्रिय रही भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा डा. विमलले पुऱ्याएको योगदान नेपाली समाजका लागि अमूल्य रहेको उल्लेख गरेका छन् ।

डा. विमलका दुई दर्जनभन्दा बढी कृति प्रकाशित रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले उनका सिर्जनामा नेपाली र मैथिली समाजको सामाजिक, सांस्कृतिक तथा भाषिक परिवेश स्पष्ट रूपमा प्रतिबिम्बित भएको बताएका छन् ।

बहुप्रतिभाशाली व्यक्तित्वका रूपमा परिचित डा. विमलले साहित्यका अतिरिक्त चलचित्र, टेलिशृङ्खला र नाटकजस्ता कला क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको राष्ट्रपति पौडेलको भनाइ छ ।

उनले नेपाली, मैथिली र अंग्रेजी भाषामा साहित्यका विभिन्न विधामा कलम चलाएका थिए । साहित्य सिर्जनासँगै अध्यापन र भाषा अनुसन्धानमा डा. विमलले पुऱ्याएको योगदान सधैं स्मरणीय रहने राष्ट्रपति पौडेलले उल्लेख गरेका छन् ।

उनको निधनले नेपाली भाषा, साहित्य तथा संस्कृतिका क्षेत्रमा अपूरणीय क्षति पुगेको राष्ट्रपति पौडेलले बताएका छन् ।

राष्ट्रपति पौडेलले दिवंगत डा. विमलको आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन् ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# मुक्त हरवाचरवा अधिकार मञ्चद्वारा सरकारलाई १० दिने अल्टिमेटम



**खबर दर्पण समाचारदाता**
**साउन २९ गते, बर्दिवास**

मुक्त हरवाचरवा अधिकार मञ्चले हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न मधेश प्रदेश सरकारसँग माग गर्दै १० दिने अल्टिमेटम दिएको छ। मञ्चले भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापना, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी तथा जीविकोपार्जन सुनिश्चित गर्न ठोस नीति, बजेट र कार्यान्वयन योजना तत्काल अघि बढाउन आग्रह गरेको हो।

मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका मुक्त हरवाचरवा अधिकार मञ्चका जिल्ला अध्यक्षहरूले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेललाई बुझाउँदै मञ्चले निर्धारित समयभित्र माग सम्बोधन नभए शान्तिपूर्ण तथा चरणबद्ध आन्दोलन सञ्चालन गर्ने चेतावनी दिएको छ।

मञ्चका अनुसार तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य तथा समुदायको मुक्तिको घोषणा गरेको चार वर्ष पूरा भइसके पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। औपचारिक रूपमा मुक्ति घोषणा भए पनि धेरै हरवाचरवा परिवार अझै भूमिहीनता, गरिबी, असुरक्षित आवास, बेरोजगारी र सामाजिक असुरक्षाको अवस्थामा रहेको मञ्चको भनाइ छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको बुँदा ४.२.१ मार्फत हरवाचरवा समुदायको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। तर, उक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न आवश्यक कार्ययोजना, बजेट, जिम्मेवार निकाय र स्पष्ट कार्यान्वयन समयसीमा अझै सार्वजनिक नभएको मञ्चले जनाएको छ।

मञ्चले सरकारसमक्ष मुख्य रूपमा दुई तत्कालीन माग अघि सारेको छ। पहिलो, मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग प्रभावकारी समन्वय गरी हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्नुपर्ने। दोस्रो, भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना स्वीकृत तथा कार्यान्वयन गर्नुपर्ने।

मञ्चले यी मागहरू ज्ञापनपत्र बुझाएको ७ देखि १० दिनभित्र ठोस निर्णय, आवश्यक बजेट तथा कार्यान्वयन प्रक्रियासहित सम्बोधन गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ। माग सम्बोधन नभए विशाल र्‍याली, धर्नालगायतका चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने मञ्चले स्पष्ट पारेको छ। प्रस्तावित आन्दोलन समुदायको नेतृत्व र सहभागितामा पूर्णतः शान्तिपूर्ण, लोकतान्त्रिक तथा संविधानसम्मत हुने मञ्चले जनाएको छ।

ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री श्याम पटेलले हरवाचरवा समुदायका मागप्रति सरकार गम्भीर रहेको बताउँदै तोकिएको अवधिभित्र मुख्यमन्त्रीसँग समन्वय गरी माग सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। मञ्चले घोषणा र आश्वासनभन्दा पहिचान, अधिकार, पुनःस्थापना र सम्मानजनक जीवनयापनको व्यवहारिक सुनिश्चितता नै हरवाचरवा समुदायको वास्तविक मुक्ति भएको भन्दै प्रदेश सरकारलाई आफ्नो नीति तथा कार्यक्रमअनुसार तत्काल कार्यान्वयनमा जान आग्रह गरेको छ।

# बाबाधाम गएका तीर्थयात्री सवार बस भारतमा दुर्घटना, तीन नेपालीको मृत्यु

**खबर दर्पण समाचारदाता**
**साउन २९ गते, बर्दिवास**

भारतको झारखण्डस्थित कोडरमा जिल्लाको सतगावाँ थाना क्षेत्रमा तीर्थयात्री (काँवरिया) सवार बस दुर्घटना हुँदा रौतहटका तीन जनाको मृत्यु भएको छ भने ३४ जनाभन्दा बढी घाइते भएका छन्।

गरुडा नगरपालिका-६ पोठियाहीबाट गत आइतबार बोलबम यात्राका लागि भारतको झारखण्डस्थित बाबाधाम गएका तीर्थयात्री सवार ना.६ ख १५५४ नम्बरको बस मालबाहक ट्रकसंग ठोक्किएर शुक्रबार बिहान करिब ३ बजे दुर्घटनामा परेको हो।

दुर्घटनामा गरुडा वडा नम्बर ६ पोठियाही निवासी ६० वर्षीय नवल जयसवाल, उनकी श्रीमती र १० वर्षीय शिवम महतोको मृत्यु भएको स्थानीय रामनाथ जयसवालले बताएका छन्।

स्थानीय जयसवालका अनुसार दुर्घटनाको खबर गाउँमा आएपछि मृतक तथा घाइतेका आफन्त भारततर्फ शुक्रबार बिहानै चारवटा सवारीसाधन रिजर्भ गरेर गएको छ। आफन्तहरू घटनास्थल तथा अस्पतालतर्फ गएको उनले बताए।

बसमा करिब ४५ जना तीर्थयात्री



बोलबमहरु बासुकीनाथ दर्शनपछि देवघर हुँदै राजगीर जाने क्रममा सतगावाँ क्षेत्रमा बस र मालवाहक ट्रकसँग ठोक्किएर दुर्घटना भएको बुझिएको छ। ट्रकको भारतीय नम्बर भने खुल्न सकेको छैन। ट्रकसँग ठोक्किएपछि बसको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। दुर्घटनाको जानकारी पाएलगत्तै सतगावाँ प्रहरीले घटनास्थल पुगेर घाइते तीर्थयात्रीको उद्धार गरी नजिकका अस्पतालमा उपचारका लागि पठाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

भारतीय सञ्चारमाध्यमका अनुसार सतगावाँ थाना प्रमुख बब्लु सिंहले प्रारम्भिक अनुसन्धानका क्रममा बस चालकलाई अत्यधिक निद्रा लागेको हुनसक्ने देखिएको बताएका छन्। यद्यपि दुर्घटनाको वास्तविक कारणबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

दुर्घटनामा मृत्यु तथा घाइते हुने अधिकांश रौतहटको गरुडा-६ पोठियाहीका बासिन्दा रहेको बताइएको छ। घटनापछि पोठियाही गाउँ शोकमा डुबेको छ भने आफन्तहरू मृतक तथा घाइतेको अवस्थाबारे जानकारी लिन भारततर्फ गएका छन्।

भारतस्थित नेपाली दूतावास तथा सम्बन्धित निकायसँग समन्वय गरी मृतकको शव नेपाल ल्याउने र घाइतेको उपचार तथा उद्धार प्रक्रियालाई सहज बनाउनुपर्ने स्थानीयको माग छ।


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७२।०३।१३ मा दर्ता भएको असर्फी रत्न भण्डार प्राइभेट लिमिटेड (प्रा.ली. नं. १३६५३५) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिकी मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**



**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,